सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्रशम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना

**फैसला**

०७४-RB-०२०६

मुद्दा- आयकर (०६५/०६६)।

श्री ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर ........................................... पुनरावेदक

**विरूद्ध**

अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सको तर्फबाट ऐ.का अधिकारप्राप्त अरूणकुमार चौधरी......... प्रत्यर्थी

शुरू निर्णय गर्नेः-प्रमुख कर प्रशासक

निर्णय मितिः-२०६८।३।२८

प्रशासकीय पुनरावलोकन गर्नेः- आन्तरिक राजस्व विभाग

निर्णय मितिः-२०६८।७।२०

राजस्व न्यायाधिकरणमा फैसला गर्नेः-माननीय अध्यक्ष श्री कुमार चुडाल

लेखा सदस्य श्री भोलाप्रसाद खकुरेल

राजस्व सदस्य श्री विश्वराज पाण्डे

राजस्व न्यायाधिकरण, काठमाडौं

निर्णय मितिः-२०७१।१०।२७

राजस्व न्यायाधिकरण काठमाडौंको फैसला उपर ठूला करदाता कार्यालयले दायर गरेको निवेदनमा यस अदालतबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय

(ख) र (घ) बमोजिम पुनरावेदनको अनुमति प्रदान भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

करदाता अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले आ.व. २०६५/०६६ को लागि आयकर ऐन, २०५८ को दफा दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. १,१२,५३,३९३।- करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०६६।९।३० मा आय विवरण पेश गरेको।

प्रस्तुत करदाताको आ.व. २०६५/०६६ को आय सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नु पर्ने आय समावेश नभएको र कट्टी गर्न नपाइने खर्च दावी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि कुनै ठोस सवुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध) दिन भित्र लिखित जवाफ पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाताका नाममा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०६८।३।१ मा जारी गरेको संशोधित कर निर्धारणको पत्र करदाताले मिति २०६८।३।३ मा बुझी लिएको।

Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses उपशीर्षकमा दावी गरेको खर्च नक्कली विलका आधारमा दावी गरेको नभई वास्तविक खर्च भएकोले दावी गरेको, CD Player Scheme सम्बन्धी खर्चको प्रमाण पेश गरेकोमा मान्यता नदिएको र Causal Advance बापतको भुक्तानीलाई बैंक ब्याजसँग तुलना गरी हेर्न मिल्दैन भन्ने समेत व्यहोराको करदाताले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा बुँदागत रूपमा मिति २०६८।३।१७ मा पेश गरेको लिखित जवाफ ।

करदाताको कारोबार यथार्थ नभएको एवम् करदाताले नक्कली विलका आधारमा बढी खर्च देखाएको, करदाताले खर्चलाई पुष्ट्याईं गर्ने प्रमाण पेश गर्न नसकेको र लेखाको सर्वमान्य सिद्धान्त अनुसारको Business entity concept को पालना नभएको भन्ने आधारमा मिति

२०६८।३।१ मा जारी भएको सूचना बमोजिम नै हुने गरी प्रस्तुत करदाताको आ.व. २०६५/०६६ को करयोग्य आय रू. २,०९,०४,१७७।- कायम गरी संशोधित कर निर्धारण गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६८।३।२८ को निर्णय।

उक्त निर्णय उपर चित्त नबुझाई करदाता अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा मिति २०६८।५।२३ मा निवेदन दिएको।

निवेदकको निवेदन, सम्बन्धित कार्यालयको प्रतिक्रिया तथा सक्कल फायलसाथ संलग्न कर निर्धारणको निर्णय समेतका कागजातहरूको अध्ययन तथा विश्लेषण गर्दा ठूला करदाता कार्यालयले कारोबारको सवुद तथा कर परीक्षण प्रतिवेदन समेतका आधारमा आयकर ऐन, २०५८ को दफा १०१(३) को अधिनमा रही मिति २०६८।३।२८ मा गरेको कर निर्धारणको निर्णय र मिति २०६८।३।२९ मा जारी गरेको संशोधित कर निर्धारण आदेश कानूनसम्मत देखिएको हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागको मिति २०६८।७।२० को निर्णय।

Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses उपशीर्षकमा दावी गरेको खर्च, नक्कली विलका आधारमा दावी गरेको नभई वास्तविक खर्च भएको, CD Player Scheme सम्बन्धी खर्चको प्रमाण पेश गरेकोमा मान्यता नदिएको र Causal Advance वापतको भुक्तानीलाई बैंक व्याजसँग तुलना गरी हेर्न नमिल्ने हुँदा उक्त शीर्षक अन्तर्गतका खर्चहरू कट्टी दिन नमिल्ने भन्ने शुरू कार्यालयको निर्णय एवम् आदेश र आन्तरिक राजस्व विभागको निर्णय बदर गरी कर दायित्व, शूल्क, जरिवानाबाट मुक्त गरी पाउँ भन्ने समेत व्यहोराले करदाताको तर्फबाट राजस्व न्यायाधिकरण काठमाडौं समक्ष मिति २०६८।१०।२३ मा दायर भएको पुनरावेदन पत्र।

यसमा पुनरावेदकले सामान नै नलिई विजक मात्र लिई आयकर कम तिर्ने उद्देश्य राखी कार्य गरेको भनी शुरू कार्यालयले गरेको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.वं. २०२ नं. बमोजिम सरकारी वकिल तथा आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको राजस्व न्यायाधिकरण काठमाण्डौंबाट मिति २०६९।३।२४ मा भएको आदेश।

करदाताले सिष्टर कन्सर्न कम्पनीहरूलाई दिएको सापटी रकम रू. १९,३०,०००।- को बैंकलाई तिरेको औषत ब्याज दर ९.४२ प्रतिशतका दरले हुन आउने ब्याज रकम रू. १,८१,८०६।-खर्च कट्टी गर्न नपाउने भन्ने निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन।करदाताले CD Player खरिद गरेको र ग्राहकहरूलाई वितरण गरेको प्रमाण कागजहरूको र करदाताले गाडी खरिदमा Scheme offer ल्याएको हो, होइन? भन्ने तर्फ कुनै मूल्याङ्कन नै नगरी यस्तो वास्तविक खर्चलाई अमान्य गर्ने गरी भएको निर्णय मिलेको नदेखिई पुनरावेदन जिकिर बमोजिम खर्च कट्टी पाउने देखियो।पुनरावेदक अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सको आ.व. ०६५/०६६ को आयकर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरले मिति २०६८।३।२८ मा गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६८।७।२० मा भएको निर्णय मिलेको नदेखिँदा सो निर्णय केही उल्टि भई आयकर निर्धारण निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion खर्च कट्टी दिनु पर्नेमा खर्च कट्टी नदिएको हदसम्म सो निर्णयहरू मिलेको नदेखिँदा उल्टि हुने ठहर्छ। सो हदभन्दा बढीमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने समेत व्यहोराको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७१।१०।२७ को फैसला।

करदाताले आपूर्तीकर्ताबाट खरिद गरेको भनेकोकारोबारको यथार्थनभएको,आपूर्तिकर्ताको कारोबारस्थल तथा आधिकारिक व्यक्ति, सम्पर्क नं. ईत्यादि आफूलाई थाहा भएन भनी प्रत्यर्थी

फर्मका आधिकारिक प्रतिनिधिले बयान गरेको, आपूर्तिकर्ता अर्थात निवेदकका नाममा बिल बिजक जारी गर्ने जय शुभमश्री पशुपति ट्रेडर्सका लेखापाल अशोक बगडियाले प्रत्यर्थी फर्मका लेखा परीक्षकबाट बिजक मूल्यको १ देखी १.५ प्रतिशतसम्म रकम नगदै लिई मालबस्तु आपूर्ति नगरी प्रत्यर्थी फर्मलाई कर बिजक मात्र दिएको भनीआन्तरिक राजश्व विभागमा बयान गरेको, ति फर्मले जारी गरेको बिजकको हुने कर तथा भ्याट विवरण दाखिल गर्न नसकेको समेत आधार प्रमाणबाट प्रत्यर्थीले आपूर्तीकर्तासँग गरेको कारोबार र जारी बिजक वास्तविक नभई केही रकम लिई जारी गरेको देखिई झुट्टा बिजक रहेको देखिएको छ। उक्त बिल बिजकबाट करदाताले दावी गरेको खर्चलाई पुष्ट्याँई गर्न नसकेको, लिखित जवाफसाथ दावी पुष्टि हुने प्रमाण पेश गर्न नसकेको, बिल बिजक, आपूर्ति र भुक्तानीको प्रमाणिकता तथा सत्यता पुष्टि गर्न नसकेको, प्रत्यर्थीले खर्च कट्टी दावी गरेको CD Player को बिल बिजक पेश गर्न नसकेको समेतका आधार र कारणबाट प्रत्यर्थी अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले झुट्टा कारोबार गरेको पुष्टि भै रहेको अवस्थामा आयकर (०६५/०६६) को मुद्दामा शुरू कार्यालयको निर्णय बदर गरी आयकर निर्धारण निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion खर्च कट्टी दिनु पर्ने ठहऱ्याई राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला नमिलेको हुँदा सो हदसम्म प्रस्तुत मुद्दामा पुनरावेदन गर्न राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (ख) र (घ) बमोजिम पुनरावेदनको अनुमति पाँउ भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालयले यस अदालतमा पेश परेको पुनरावेदनको अनुमति पाँउ भन्ने निवेदन पत्र।

यसमा करदाताले पेश गरेको विल बिजक अनुसारको कारोबार भएको हो भनी बिश्वस्त हुने कुनै वस्तुगत आधार प्रस्तुत हुन आएको नदेखिएको हुँदा शंकास्पद र अप्रमाणित बिजकलाई मान्यता दिई आयकर ऐन, २०५८ को दफा १३ को अवस्था विपरीत छुट दिने गरी भएको राजस्व न्यायाधिकरण काठमाण्डौको मिति २०७१।१०।२७ को फैसला त्रुटिपूर्ण

देखिँदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (ख) र (घ) बमोजिम पुनरावेदन दर्ताको लागि अनुमति प्रदान गरिएको छभन्ने समेत व्यहोराको यस अदालतको मिति २०७४।९।२१ को आदेश।

## ठहर खण्ड

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातको अध्ययन गरी पुनरावेदक ठूला करदाता कार्यालयका तर्फबाट उपस्थित हुनु भएका विद्वान् नायब महान्यायधिवक्ता श्री नारायणप्रसाद पौडेल र विद्वान् उपन्यायधिवक्ता श्री हरिशंकर ज्ञवालीले पुनरावेदक फर्मका प्रतिनिधि अशोक बगडियाले आपूर्तिकर्ता फर्म शुभमश्री पशुपति ट्रेडर्सबाट जारी भएको बिजक झुट्टा भनी बयान गरेको देखिन्छ। बिजकबाट वास्तविक कारोबार गरेको देखिदैंन। मुद्दाको उठान झुट्टा बिल बिजकबाट शुरू भएको हो। करदाताले बस्तु खरिद नै नगरी आपूर्तीकर्तालाई कमिसन दिई बिल बिजक प्राप्त गरी नक्कली कारोबार गरेको पुष्टि भईरहेको अवस्थामा कर निर्धारण कानून सम्मत नै छ।तसर्थ शुरू कार्यालयको निर्णय केही उल्टि गरी आयकर निर्धारण निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion खर्च कट्टी दिनु पर्ने ठहऱ्याई राजश्व न्यायाधिकरण काठमाण्डौंबाट भएको फैसला त्रुटिपूर्ण हुदाँ राजश्व न्यायाधिकरणको फैसला सो हदसम्म बदर गरी कर कार्यालयको निर्णय नै सदर गरी पाँउ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो।

प्रत्यर्थी अरूण ईन्टरकन्टिनेन्टलका तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री रमणकुमार कर्णले मेरो पक्ष (कम्पनी) मूल्य अभिबृद्धि करमा दर्ता भएकोले ऐनको दफा ८ बमोजिम मात्र कर निर्धारण हुनु पर्छ। अरूण ईन्टरकन्टिनेन्टल ट्रेडर्सलाई सामान आपूर्ति गर्ने आपूर्तिकर्ता कानून बमोजिम दर्ता भएको फर्म भएकोले आपूर्तिकर्ता फर्मलाई पुनरावेदक कार्यालयले नै खोज्नु पर्दछ। मेरो पक्षले खोज्ने कुरा होइन।आपूर्तिकर्ता जय शुभमश्री पशुपति

ट्रेडर्सका प्रतिनिधि अशोक बगडियाको बयानलाई प्रमाणमा लिन मिल्दैन । किनभने निजले फर्मको आधिकारिक पत्र बिना बयान गरेका छन्।निज अशोक बगडिया जय शुभमश्री पशुपति ट्रेडर्सको आधिकारिक व्यक्ति होईनन्, आधिकारिक व्यक्तिलाई बुझिएको छैन।अशोक बगडियाले आधिकारिकता बिना नै गरेको बयानलाई प्रमाणमा लिन मिल्दैन।बरामद भएका सामान र नकाटिएका बिललाई पनि प्रमाणमा लिइएको छ। अरूण ईन्टरकन्टिनेन्टल ट्रेडर्स र आपूर्तिकर्ताको खाता भिडाई निऱ्कयौल गर्नु पर्नेमा भिडाईएको छैन। लिखत प्रमाण नै अकाट्य प्रमाण हुन्छ। अनुसन्धान नै अपुरो छ। झुट्टा बिल जारी गरेकै छैन। जसले नक्कली बिल जारी गरेको हो, उसैलाई कारवाहीको दायरामा ल्याउनु पर्दछ। खरिदकर्तालाई सजाय गर्न मिल्दैन। तसर्थ कर कार्यालयको निर्णय केही उल्टि गरी आयकर निर्धारण निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion खर्च कट्टी दिनु पर्ने ठहऱ्याई राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला कानून सम्मत भएकोले सदर गरी पाँउ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

प्रस्तुत विवादमा राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०७१।१०।२७ को फैसला मिलेको छ, छैन ? पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकीर पुग्न सक्छ, सक्दैन ? सोही सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, प्रत्यर्थी करदाता अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले आ.व. २०६५/०६६ को लागि आयकर ऐन, २०५८ को दफा दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. १,१२,५३,३९३।- करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०६६।९।३० मा आय विवरण पेश गरेकोमा ठूला करदाता कार्यालयबाट करदाताको आ.व. २०६५/०६६ को करयोग्य आय रू. २,०९,०४,१७७।- कायम गरी संशोधित कर निर्धारण आदेश भएपछि उक्त आदेश उपर चित्त नबुझाई प्रत्यर्थी करदाताले प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व

विभागसमक्ष निवेदन दिएकोमा संशोधित कर निर्धारण आदेशलाई नै सदर कायम गरी आन्तरिक राजस्व विभागले निर्णय गरेको र सो निर्णय उपर समेत चित्त नबुझाई पुनः करदाता फर्मले राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन गरेकोमा राजश्व न्यायाधिकरण काठमाण्डौबाट कर निर्धारण आदेशको बुँदा नं. २ मा औल्याइएको व्याज खर्च कट्टी करदाता फर्मले नपाउने तर बुँदा नं. १ को Selling and distribution शीर्षक अन्तर्गतAccessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion खर्च कट्टी करदाता फर्मले पाउने ठहर्छ भनी फैसला भएकोमा उक्त फैसला उपर ठूला करदाता कार्यालयले चित्त नबुझाई पुनरावेदन गर्ने अनुमति माग गरी पेश भएको निवेदन उपर यस अदालतबाट अनुमति प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई निर्णयार्थ पेश हुन आएको देखियो।

प्रत्यर्थी करदाताले ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण आदेश तथा संशोधित कर निर्धारण गर्ने सम्बन्धमा खडा भएको निर्णय पर्चाको बुँदा नं.१ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses उपशीर्षक र बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion उपशीर्षकको खर्च कट्टी पाउने होईन भन्ने पुनरावेदकको जिकिर रहेको देखिन्छ।कर निर्धारण निर्णय पर्चाकोबुँदा नं.१ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses उपशीर्षकतर्फ दावी गरिएको रू. ६१,८८,९७७/ को बिल नक्कली भएकोले सो को खर्च कट्टी नपाउने तथा बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion उपशीर्षकको CD player तर्फ दावी गरिएको रू. ३२,९०,०००।- कुन कुन बिक्रेताबाट खरिद गरेको भन्ने पहिचान नै नभएकोले सो को खर्च कट्टी नपाउने भन्ने पुनरावेदकको जिकीर रहेको देखिन्छ।

त्यसमा पनि पुनरावेदक फर्म खरिदकर्ता भएको तथ्यमा विवाद छैन। पुनरावेदक फर्मले आपूर्तिकर्ता फर्मबाट मालबस्तु खरिद गरेर के कुन प्रयोजनमा खर्च गरेको हो सो कुरा

युक्तियुक्त तवरले पुष्टि भएको देखिदैन। यसबाट पुनरावेदक फर्मले मालबस्तु आयात नगरी आपूर्तिकर्ताबाट बिल बिजकमात्र लिएर कारोबार गरेको देखाई यो आ.व. को मूल्य अभिवृद्धि कर सुविधा दावी गरेको प्रष्ट हुन आयो। कर कार्यालयले माग गरेको कागजात पुनरावेदक फर्मले उपलब्ध गराउन सकेको देखिँदैन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (६) ले करकट्टी सुविधा तोकिएका कागजातहरूद्वारा दावी प्रमाणित भएपछि मात्र पाइने प्रष्ट व्यवस्था गरेको छ। कानूनमा नै तोकिएका कागजले दावी प्रमाणित भएपछि मात्र कर कट्टी सुविधा पाउने व्यवस्था छ भने त्यसको विपरीत कागजातबाट पुष्टि नहुँदै कर कट्टी सुविधा दिन मिल्ने अवस्था देखिँदैन।

कर निर्धारण निर्णय पर्चाको बुँदा नं.१ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses उपशीर्षकतर्फ दावी गरिएको रू. ६१,८८,९७७।- को बिल नक्कली भएको भन्ने पुनरावेदकको जिकिर सम्बन्धमा हेर्दा प्रत्यर्थी अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सलाई Accessories Expenses लगायतको सामान उपलब्ध गराई निजअरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सका नाममा बिजक जारी गर्ने फर्महरूमध्ये जयशुभमश्री पशुपति ट्रेडर्सका लेखापाल अशोक बगडियाले मिति २०६७।९।१८ मा अनुसन्धानको क्रममा राजस्व अनुसन्धान विभागमा बयान गर्दा उक्त फर्मका लेखा परीक्षक राजेश अग्रवालको निर्देशनमा बिजक मूल्यको १ देखि १.५ प्रतिशतसम्म रकम नगदै प्राप्त गरी निवेदकलाई बस्तु आपूर्ति नगरी कर बिजकमात्र दिएको भनी बयान गरेको भन्ने व्यहोरा पुनरावेदकले उल्लेख गरेको देखिन्छ भने निजको सो बयानको स्क्यान गरिएको प्रतिलिपि कर अधिकृतको प्रतिवेदनको अंगको रूपमा फाइलसमक्ष संलग्न भएकोमा उक्त बयानलाई खण्डित हुने प्रमाण करदाताले पेश गर्न सकेको देखिँदैन, साथै यस सम्बन्धमा थप सोधपुछका लागि उक्त फर्मका लेखा परीक्षक राजेश अग्रवाललाई आन्तरिक राजश्व विभागमा उपस्थित हुन पत्राचार गरिएकोमा निज विभागमा उपस्थित नभई फरार रहेको देखियो।यस प्रकार करदाता फर्मलाई बिजक जारी गर्ने कार्यमा संलग्न व्यक्तिहरूको बयान तथा अनुपस्थितिको अवस्थाबाट जय शुभमश्री पशुपति

ट्रेडर्सले प्रत्यर्थी अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सलाई बिजक मूल्यको १ देखि १.५ प्रतिशतसम्म रकम नगदै प्राप्त गरी बस्तु आपूर्ति नगरी कर बिजकमात्र दिएको भन्ने देखियो। प्रत्यर्थी करदाता स्वयंले पनि आफ्नो कारोबार सही हुन् र जारी गरिएका विजकहरू सही तरिकाले जारी गरिएका हुन् भन्ने तथ्य पुष्टि हुने प्रमाण तथा बिबरणहरूपेश गर्न सकेको देखिँदैन। सम्बद्ध व्यक्तिहरूको बयान र पेश भएका बिजकको प्रकृतिबाट आपूर्तिकर्ता भनिएका फर्महरूबाट भएको कारोबार र जारी बिजक वास्तविक नभई बस्तु वा सेवा आपूर्ति नै नगरी गैरकानूनी तरिकाले केही रकम लिनु दिनु गरी जारी गरिएको झुठ्ठा विजक रहेको देखिन आयो।

ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण गर्ने सम्बन्धमा खडा भएको निर्णय पर्चाको बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गतSales promotion उपशीर्षकको CD player तर्फको पुनरावेदन जिकिर सम्बन्धमा बिचार गर्दा करदाताले CD player तर्फ रू. ३२,९०,०००।- खर्च कट्टी दावी गरेकोमा सो सामान को-को सँग खरिद गरिएका हुन् भन्ने यथार्थ बिबरण देखिने बिल बिजक कर परीक्षणको क्रममा तथा अदालतमा समेत प्रत्यर्थी करदाताले पेश गर्न सकेको देखिँदैन। आयकर ऐन, २०५८ बमोजिम खर्च कट्टी पाउन बिजक हुनु अनिवार्य हुनुका साथै कुनै व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवा खरिद गर्दा तिरेको रकम बिल बिजकवाट स्पष्ट देखिनु पर्नेमा प्रत्यर्थीकरदातावाट त्यस्तो बिल बिजक पेश हुन सकेको देखिएन। करदाताको कारोबारको सम्पूर्ण जानकारी र हर हिसाब राख्ने आधिकारिक प्रतिनिधि गोपिकृष्ण न्यौपानेले राजस्व अनुसन्धान विभागमा बिजक जारी गर्ने फर्महरूको कारोबारस्थल, आधिकारिक व्यक्ति र फोन नम्बर आफूलाई थाहा नभएको भनी गैर जिम्मेवारी पूर्ण तरिकाले बयान गरेको देखिएबाट ती बिल बिजकहरू वास्तबिक कारोबार भै आधिकारिक बिक्रेताबाट जारी भएका हुन् भनी भन्न सकिने स्थिति देखिएन। यसरी आधिकारिक प्रतिनिधिको बयानबाट समेत बिक्रेता नै पहिचान हुन नसकेको अवस्थामा करदाताको भनाइका आधारमा मात्र निजले CD player को बास्तबिक कारोबार गरेका हुन् भनी बिश्वास गर्न र खर्च कट्टी दिन मनासिब हुने देखिएन। साथै गाडी

विक्री गर्ने कर्मचारीले दिने खरीद र बिक्रीको विवरणका आधारमा ती विजकमा उल्लेखित बस्तुहरू ती पार्टीहरूबाट प्राप्त भएको होलान् भन्ने बिश्वास गरिएको भनी निज प्रतिनिधिले आफ्नो बयानमा उल्लेख गर्नुका अतिरिक्त पेश भएका नक्कली बिजकबाट आयकरतर्फ लिएको खर्च कट्टी पाउने/नपाउने सम्बन्धमा आफनो कुनै भनाई नरहेको र ऐन नियम बमोजिम कर निर्धारण भएमा आफू मन्जुर रहेको भनी बयान गरेको समेतबाट करदाताले CD player तर्फको खर्च कट्टी माग गर्दा रीतपूर्वकको तथा कानून बमोजिम कारोबार भइ जारी भएका बिल बिजकहरू पेश गरी कर कट्टी माग गरेका हुन् भन्ने कुरामा बिस्वास गर्न सकिने अवस्था देखिएन। प्रमाण कानूनको सिद्धान्त र बिद्यमान कानूनी व्यबस्था अनुसार आफूले दावी गरेको खर्चलाई पुष्टयाई गर्ने दायित्व निज करदाताकै हुनेमा करदाताले कर परीक्षणका क्रममा र अदालतमा समेत बिक्रेताको पहिचान खुल्ने त्यस्तो कुनै कागज प्रमाण पेश गर्न सकेको देखिएन, यसरी करदाताले पेश गरेको बिल बिजकबाट निजले पेश गरेको CD Player कारोबारको बिल बिजक सक्कली तथा आधिकारिक हुन् भन्ने नदेखिएको अवस्थामा करदाताले पेश गरेको CD Player को आपूर्ति र भुक्तानीको कार्य प्रमाणित हुन सकेको देखिएन। करदाताले आफूले कुन बिक्रेताबाट CD Player खरिद गरेको हो भन्ने पहिचान गराउन नसकेको तथा प्राप्त बिबरणबाट CD Player को आपूर्ति र भुक्तानी प्रमाणित हुन नसकेको अवस्थामा पेश भएको संशयपूर्ण एवं नक्कली बिल बिजकका आधारमा खर्च कट्टी पाउने कुरालाई आयकर ऐनको कुनै पनि कानूनी व्यवस्थाले स्वीकार गरेको देखिँदैन।

आयकर ऐन, २०५८ बमोजिम खर्च कट्टी पाउन बिल विजक हुनु मात्र पनि पर्याप्त हुँदैन। बस्तु वा सेवाको कारोबार भएको हुन पनि अनिवार्य हुन्छ। कर छल्ने योजनाको अंगको रूपमा दर्ता भएका फर्मबाट बस्तु वा सेवा प्राप्त नगरी बिल बिजक मात्र प्राप्त गरेको आधारमा खर्च कट्टी पाउने अधिकारको श्रृजना हुन सक्तैन। बास्तबिक रूपमा खरिद नगरिएका तर बिजकबाट खरिद गरेको देखाइएका बस्तु वा सेवाहरू यथार्थ आय अन्तर्गत नपर्ने हुनाले त्यस्ता बस्तु वा सेवा आय आर्जनमा प्रयोग भएको मान्न मिल्दैन।

प्रस्तुत मुद्दाको सन्दर्भमा आपूर्तीकर्तासँग सामान आपूर्ती गर्ने कुनै सम्झौता प्रत्यर्थीले गरेको देखिँदैन। न त वैंकिङ्ग कारोबारवाट रकम भुक्तानी भएको देखिन्छ। केवल बिल बिजक तयार गरेको मात्र देखिन्छ। यस अवस्थामा आपूर्तीको नक्कली बिल बिजकमा व्यवसायीको कुनै लागत नहुने र हुदै नभएको वा गर्दै नगरिएको लागतलाई खर्च भएको भनी लागतमा गणना गर्न पाउने व्यवस्था आयकर ऐनमा रहे भएको देखिँदैन। आफूले पेश गरेका बिल तथा आपूर्ति सहितको समग्र कारोबार सक्कली हुन् भनी पुष्टि गर्न नसकेको अवस्थामा लागत दावी गर्नु तर्कसँगत हुन सक्दैन। यथार्थमा खरिदनै नभएको अवस्थामा खरिद भएको भनी देखाएको नक्कली कारोबारमा लागत पनि नक्कली हुन जाने भएकोले उक्त नक्कली लागत दावी स्वतः शून्य सरह हुन्छ। यस्तो अवस्थामा खर्च कट्टी मनासिव नहुने भएकाले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण तथा संशोधित कर निर्धारण गर्ने सम्बन्धमा खडा भएको निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expensesर बुँदा नं. ३ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Sales promotion खर्च कट्टी दिनु पर्ने ठहऱ्याई राजश्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसला सो हदसम्म मिलेको देखिएन।

तसर्थ, माथि बिवेचित मुद्दाको तथ्य आधार र कारणहरूबाट समेत आन्तरिक राजस्व विभागबाट मिति २०६८।७।२० मा भएको निर्णय केही उल्टि गरी ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण गर्ने सम्बन्धमा खडा भएको कर कार्यालयको निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Sales promotion खर्च कट्टी दिने गरी भएको राजश्व न्यायाधिकरण काठमाण्डौको मिति २०७१।१०।२७ को फैसला कानून सम्मत मिलेको नदेखिँदा सो हदसम्म उल्टि हुने ठहर्छ। सो ठहर्नाले तपसील बमोजिम गर्नू।

## तपसील

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम राजश्व न्यायाधिकरण काठमाण्डौले पुनरावेदक कार्यालयले आ.व. २०६५/०६६ को आयकरमा पुनरावेदक कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश तथा मिति २०६८।३।२८ मा संशोधित कर निर्धारण गर्ने सम्बन्धमा खडा भएको निर्णय पर्चाको बुँदा नं. १ अन्तर्गतको Selling and distribution शीर्षक अन्तर्गत Accessories Expenses र बुँदा नं. ३ अन्तर्गतको Sales promotion खर्च कट्टी नपाउने ठहरी फैसला भएकाले राजश्व न्यायाधिकरण काठमाण्डौको फैसलाले उक्त बुँदा नं. १ र ३ अन्तर्गतको खर्च कट्टी पाउने गरी गरेको फैसला अनुसारको लगत संशोधन गरी प्रस्तुत फैसला अनुसारको लगत राखी सो अनुसारको व्यहोरा जनाई प्रस्तुत फैसला कार्यान्वयन गर्नु भनी पुनरावेदक ठूला करदाता कार्यालयमा लेखी पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : भीमबहादुर निरौला

इति संवत् २०७६ साल पौष २८ गते रोज २ शुभम् ..........................................।